आकाशवाणी गान्तोक

21.03.2026 (Saturday)

**1. मुख्यमन्त्री प्रेमसिंह तामाङ ईद**

मुख्यमन्त्री प्रेमसिंह तामाङले ईदको पावन अवसरमा राज्यवासी जनतालाई सुस्वास्थ्य, सफलता र प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्नुभएको छ। मुख्यमन्त्रीले सन्देशमा यस चाडको एकता, करुणा र सद्भावको सन्देशलाई पनि स्मरण गराउनु भएको छ।

आफ्नो सन्देशमा मुख्यमन्त्रीले भन्नुभयो ईदले कृतज्ञता, उदारता र आत्मीयता जस्ता शाश्वत मूल्यहरूलाई आत्मसात गर्दछ। उहाँले , यस चाडले हामीलाई त्याग र सहानुभूति जस्ता गुणहरूमाथि चिन्तन गर्न र समाजमा भाइचाराको बन्धनलाई अझ प्रगाढ बनाउन प्रेरणा दिने कुरा पनि उल्लेख गर्नुभयो ।

मुख्यमन्त्री तामाङले सन्देशमा यो महान चाडले हरेक घरमा शान्ति, समृद्धि र खुसीयाली ल्याउने तथा मानिसहरूमा सकारात्मकता र आपसी सम्मानको भावना जगाउने आशा व्यक्त गर्नुभयो। यसका साथै, उहाँले एक समावेशी, मेलमिलापयुक्त र प्रगतिशील समाज निर्माणका लागि नागरिकहरूलाई आफ्नो सामूहिक प्रतिबद्धता पुनः पुष्टि गर्न आह्वान समेत गर्नुभयो।

**2. सिक्किम अन्तर्राष्ट्रिय चलचित्र महोत्सव**

सिक्किम अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (SIFF) २०२६ अन्तर्गत आज गान्तोकस्थित चिन्तन भवनमा "उत्तर-पूर्वी भारतसँग अन्तर्राष्ट्रिय सह-निर्माण" अर्थात् **(International Co-Production With North East India)** विषयक एक विशेष सत्र आयोजना गरियो।

यस महत्वपूर्ण सत्रमा नयाँ दिल्लीस्थित फिलिपिन्स दूतावासका सांस्कृतिक तथा सार्वजनिक कूटनीति विभाग प्रमुख **रन जोशुआ बाउटिस्टा**, सूचना तथा जनसम्पर्क विभाग सचिव (IPR), सिक्किम सरकार **अन्नपूर्णा आले,** भुटानी अभिनेत्रीद्वय **किन्ले एउडरुमा** र **छिरिङ डोल्करको** गरिमामय उपस्थिति रहेको थियो।

सिक्किम अन्तर्राष्ट्रिय चलचित्र महोत्सव २०२६ को आयोजना सिक्किम सरकारको सूचना तथा जनसम्पर्क विभागले सूचना एवं प्रसारण मन्त्रालय र राष्ट्रिय चलचित्र विकास निगम (NFDC) सँगको सहकार्यमा गरेको हो।

**3. सिक्किम सरकारको शिक्षा विभाग**

सिक्किम सरकारको शिक्षा विभागले **'जोडो ज्ञान' (Jodo Gyan)** सँगको सहकार्यमा प्राथमिक तहका विद्यार्थीहरूको गणितीय आधार **(Foundational Numeracy**) बलियो बनाउने उद्देश्यले 'विशेष संख्यात्मक कार्यक्रम' (Special Numeracy Programme) अन्तर्गत राज्य स्रोत समूह (SRG) का सदस्यहरूका लागि आवासीय कार्यशालाहरूको शृङ्खला सफलतापूर्वक सम्पन्न गरेको छ।

गान्तोकको ताताङचेनस्थित होटल **'न्यू टियारा रेजेन्सी'** मा आयोजित यस कार्यक्रम अन्तर्गत दुई छुट्टाछुट्टै सत्रहरू सञ्चालन गरिएका थिए।

पहिलो समूहका लागि १६ देखि १८ मार्च २०२६ सम्म तीन दिने दोस्रो आवासीय कार्यशाला आयोजना गरियो। यस समूहका सदस्यहरूले आगामी दिनमा क्लस्टर स्तरमा **कक्षा ३** का गणित शिक्षकहरूलाई प्रशिक्षण दिनेछन्। **१९ र २० मार्च २०२६** मा अर्को समूहका लागि दुई दिने कार्यशाला आयोजना गरियो। यो समूहले कक्षा **१ र २** का गणित शिक्षकहरूका लागि प्रशिक्षण सञ्चालन गर्ने जिम्मेवारी पाएका छन् ।

**4. सिक्किमका उच्च हिमाली क्षेत्र**

सिक्किमका उच्च हिमाली क्षेत्रहरूमा भएको ताजा हिमपातले जनजीवन र यातायात आवागमन प्रभावित भएको छ। जवाहरलाल नेहरू (JN) मार्ग १५ माइलसम्म मात्र खुला रहेको छ, जबकि प्रसिद्ध छोङ्गमो लेक (Tsomgo Lake) र नाथुला जाने सडकहरू पूर्ण रूपमा बन्द गरिएको छ।

यसैबीच रक्षा भू-सूचना अनुसन्धान संस्थान अर्थात् **(Defence Geo Informatics Research Establishment)** चण्डीगढले गान्तोक र पाकिम जिल्लाका उच्च हिमाली क्षेत्रहरूका लागि हिमपहिरोको चेतावनी (Avalanche Alert) जारी गरेको छ। आगामी २४ घण्टाभित्र यी क्षेत्रहरूमा हिमपहिरोको जोखिम हुन सक्ने संस्थानले बताएको छ।

जारी सूचना (Advisory) अनुसार, ३,५०० मिटरभन्दा माथिका उचाइमा रहेका क्षेत्रहरूमा मध्यम स्तरको हिमपहिरोको खतरा रहेको छ। हाल ती क्षेत्रहरूमा हिउँको अवस्था अस्थिर रहेकाले यस्तो जोखिम देखिएको हो। अधिकारीहरूले विशेष गरी ठाडो र हिउँले ढाकिएका भिरालो जमिनहरूमा बढी खतरा रहेको भन्दै सतर्क गराएका छन्। स्थानीय बासिन्दा, पर्यटक र पदयात्रीहरूलाई अति आवश्यक नपरी उच्च उचाइका क्षेत्रहरूमा यात्रा नगर्न कडा सुझाव दिइएको छ। यदि यात्रा गर्नै परेमा, हिमपहिरोको सम्भावना भएका क्षेत्रहरूमा हिँड्दा विशेष सावधानी अपनाउन र सतर्क रहन आग्रह गरिएको छ।

**5.सिक्किमको उत्तरी क्षेत्र**

यसैगरी सिक्किमको उत्तरी क्षेत्रका विभिन्न स्थानहरूमा सडक अवरुद्ध हुँदा यातायात आवागमन प्रभावित भएको छ। प्रि-मनसुन वर्षाका कारण यी सडक खण्डहरूमा पहिरो र अवरोध सिर्जना भएको अधिकारीहरूले जानकारी दिएका छन्।

मंगन–डिक्चु सडक अन्तर्गत नामोक खोलामा सडक अवरुद्ध भएपछि सिक्किमको उत्तरी भागलाई जोड्ने महत्वपूर्ण मार्गमा सवारी साधनको आवागमन ठप्प भएको छ। यस क्षेत्रमा भइरहेको निरन्तर वर्षाका कारण सडकमा लेदो र भग्नावशेष थुप्रिएकाले आवतजावतमा बाधा पुगेको हो।

यसैगरी, फिदाङ–साङकलाङ सडक खण्ड पनि **फी** खोलामा अवरुद्ध भएको छ, जसले गर्दा स्थानीय यातायात र सम्पर्कमा थप समस्या उत्पन्न भएको छ। प्रि-मनसुन वर्षाले गर्दा जोखिमपूर्ण क्षेत्रहरूमा पहिरो जाने र ढुङ्गा झर्ने खतरा बढेको छ।

**6.विश्व प्रसन्नता प्रतिवेदन**

विश्व प्रसन्नता प्रतिवेदन (World Happiness Report) २०२६ का अनुसार, नेपाल दक्षिण एसियाली क्षेत्रमा पहिलो स्थान हासिल गर्दै यस क्षेत्रकै सबैभन्दा खुसी देशका रूपमा उदाएको छ। यो उपलब्धिले नेपालको जनजीवन र कल्याणकारी अवस्थामा आएको सकारात्मक परिवर्तनलाई प्रतिविम्बित गरेको छ।

विश्वभरिका देशहरूको सूचीमा भने नेपाल ९९औँ स्थानमा रहेको छ। सामाजिक सहयोग, आम्दानी, औसत आयु, व्यक्तिगत स्वतन्त्रता, उदारता र भ्रष्टाचार प्रतिको धारणा जस्ता विभिन्न सूचकहरूका आधारमा नेपालले यो स्थान प्राप्त गरेको हो। यस सन्दर्भमा भारत भने १२६ औँ स्थानमा रहेको छ।

**7. सिक्किम प्रदेश भाजपाका प्रवक्ता**

सिक्किम प्रदेश भाजपाका प्रवक्ता साङ्गे ग्यात्सो भोटिया र प्रदेश सचिव साङ्गे पुल्जरले आज राज्यका मुख्य निर्वाचन अधिकारी (CEO) को कार्यालयको भ्रमण गरी एक गम्भीर विषयमा ध्यानाकर्षण गराएका छन्। भाजपा प्रतिनिधिमण्डलले एक विदेशी नागरिकलाई अवैध रूपमा भारतीय मतदाता परिचयपत्र (Voter ID) जारी गर्ने कार्यमा संलग्न निर्वाचन अधिकारीहरू विरुद्ध तत्काल 'सुओ मोटो' (**suo motto**) एफ.आई.आर (FIR) दर्ता गर्न माग गरेको छ।